apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

● वर्षः १२ ● अंकः २५३ ● पृष्ठः ४ ● १२ असोज २०८३ सोमबार (28 September 2026. Monday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

लेखरचना, समाचार वा विज्ञापन पठाउदा वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

## कमला नदीमा पानीको बहाव बढेपछि बाँध सुरक्षामा सुरक्षाकर्मी परिचालन

### बासबिट्टा क्षेत्रमा बालुवाका बोरा राखेर बाँध मजबुत बनाइयो, तटीय क्षेत्रमा उच्च सतर्कता

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज ११ गते**

लगातारको वर्षासँगै कमला नदीमा पानीको बहाव बढेपछि सिरहाको तटीय क्षेत्रमा बाढीको जोखिमलाई मध्यनजर गर्दै सुरक्षाकर्मी परिचालन गरिएको छ। कमला नदीको पूर्वी बाँधको जोखिमयुक्त क्षेत्रमा बालुवाका बोरा राखेर बाँध थप सुरक्षित बनाउने कामसमेत गरिएको छ।

सिरहाका निमित्त प्रमुख जिल्ला अधिकारी चेतराज बरालका अनुसार आइतबार अपराह्न कमला नदीमा पानीको बहाव प्रतिसेकेन्ड करिब ९ सय क्युसेक पुगेपछि बाँध तथा तटीय क्षेत्रको सुरक्षामा विशेष सतर्कता अपनाइएको हो।

सिरहा नगरपालिका-६ बसबिट्टा क्षेत्रमा कमला नदीको पानीबाट बाढी पस्न सक्ने जोखिमलाई मध्यनजर गर्दै नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी र स्थानीय बासिन्दाको सहयोगमा बाँधको छेउमा बालुवाका बोरा राखिएको बरालले बताए।

**तटीय क्षेत्रमा सुरक्षाकर्मी परिचालन**

जिल्लाबाट बग्ने कमला, बलान, गागन, खुट्टीलगायत नदी तथा खोलाको तटीय क्षेत्रमा सुरक्षा सतर्कता बढाइएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ। सम्भावित बाढी तथा डुबानबाट हुने क्षति न्यूनीकरणका लागि सुरक्षाकर्मीलाई विपद् व्यवस्थापनका सामग्रीसहित तयारी अवस्थामा राखिएको छ।

निमित्त प्रमुख जिल्ला अधिकारी बरालका अनुसार सशस्त्र प्रहरीतर्फ करिब २ सय र नेपाली सेनातर्फ २ सय ५० जनशक्तिलाई आवश्यकताअनुसार तत्काल परिचालन गर्न सकिने गरी तयारी अवस्थामा राखिएको छ । नेपाल प्रहरीलाई समेत तटीय तथा जोखिमयुक्त क्षेत्रमा नियमित रूपमा परिचालन गरिएको उनले बताए।

सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हेडक्वार्टर सिरहाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सुमनजंग थापाका अनुसार शुक्रबारदेखि नै कमला र बलान नदीको तटीय क्षेत्रमा ८३ जना सशस्त्र प्रहरी परिचालन गरिएको छ।





उनका अनुसार कमला नदीको तटीय क्षेत्रमा बन्दीपुर, कल्याणपुर नगरपालिकाको चिकना, सिरहा नगरपालिका-६ बसबिट्टा र वडा नं. १७ माडर तथा बलान नदीको तटीय क्षेत्रमा लहान नगरपालिका-१० र भगवानपुर गाउँपालिका-४ लगायतका स्थानमा सुरक्षाकर्मी परिचालन गरिएको हो।

विभिन्न स्थानमा भइरहेको भारी वर्षाका कारण स्थानीय नदी तथा खोलामा पानीको सतह बढ्न थालेपछि जिल्लाका जोखिमयुक्त तटीय क्षेत्रमा विपद् व्यवस्थापनका सामग्रीसहित सुरक्षाकर्मी परिचालन गरिएको थापाले बताए।

'जोखिमको स्तरअनुसार विपद् व्यवस्थापनका सामग्रीसहित प्रहरी निरीक्षकको कमाण्डमा सुरक्षा टोली परिचालन गरिएको छ,' उनले भने, 'खोला तथा नदीमा पानीको सतह बढिरहेकाले मानवीय तथा भौतिक क्षति हुन नदिन माइकिङ गर्दै सर्वसाधारणलाई सचेत गराउने काम भइरहेको छ।'

**बाढीको जोखिम भएका क्षेत्रमा निगरानी**

जिल्ला प्रशासन कार्यालयले कमला, बलान, गागन, खुट्टीलगायत नदी तथा खोलाका तटीय क्षेत्रमा बसोबास गर्ने सर्वसाधारणलाई विशेष सतर्कता अपनाउन आग्रह गरेको छ। आकस्मिक रूपमा पानीको सतह बढ्न सक्ने तथा बाढी र डुबानको जोखिम हुन सक्ने भएकाले नदी तथा खोलाको किनारमा अनावश्यक आवतजावत नगर्न प्रशासनले आग्रह गरेको छ।

सुरक्षाकर्मीले जोखिमयुक्त क्षेत्रमा

बाँकी पृष्ठ ३ ▸▸

## राष्ट्रसंघको महासभाको सर्वाधिक हेरिने भाषण, बालेन शाहको




**अपन दैनिक संवाददाता**
**सिरहा, असोज ११ गते**

संयुक्त राष्ट्रसंघको महासभामा सबैभन्दा बढी को सुनिए होला ?

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प ? या अरु कोही ? जवाफ दोस्रो प्रश्नमा छ। सही जवाफ, बालेन्द्र शाह।

राष्ट्रसंघको आधिकारिक युट्युब च्यानलमा उपलब्ध राष्ट्रप्रमूखहरूको भाषणमा बालेन्द्र शाह सर्वाधिक सुनिएका/हेरिएका छन्। 'म नेपालबाट यहाँ आएको छु। हिमालयको एक दुर्गम देश, जसले मानव जातिका लागि नजिकिदो चेतावनी बोकेर आएको छ' भन्दै सुरु गरेको उनको सम्बोधन यो समाचार तयार पार्दासम्म पाँच लाख पटक हेरिएको छ। त्यसमा ५ हजार बढीले प्रतिक्रिया दिएका छन्।

जबकि विश्वका महशक्ति भनिने अमेरिकाको राष्ट्रपति डोनाल्ड ट्रम्पको भाषण तेस्रो स्थानमा छन्। ट्रम्म्पको भिडियोलाई ३ दशमलव ८ लाख पटक हेरिएको छ। सुनिएको छ। उनलाई जम्माजम्मी १६ सयले प्रतिक्रिया दिएका छन्।

बालेन्द्र शाहपछि दोस्रो नम्बरमा इरानका राष्ट्रपति मसुद पेजेस्कियानलाई बढी हेरिएका र सुनिएका छन्। १४ सयले प्रतिक्रिया दिएका छन्।

अन्य मुलुकका राष्ट्रप्रमूखहरुलाई धेरैमा दुई लाख पटक सुनिएको वा हेरिएका छन्।

संयुक्त राष्ट्रसंघको महासभामा सेप्टेम्बर २२ देखि २६ सम्म विश्वभरका सदस्य राष्ट्रका सरकार प्रमूखहरुले सम्बोधन गर्ने कार्यक्रम थियो। सोही सिलसिलामा नेपालको प्रतिनिधित्व गर्दै प्रधानमन्त्री बालेन्द्र शाह त्यहाँ उपस्थित थिए।

बालेन्द्र शाहले खासगरी जलवायु परिवर्तनको मुद्दालाई पेचिलो ढंगले उठाएका थिए, जो विश्वका सबै प्रमुख मिडियाले प्राथमिकतासाथ कभरेज गरेका थिए।

## साढे ३ करोडको एउटै विलासी गाडी खरिद गर्दै मधेश सरकार



Government of Madhesh Province
Ministry of Labour and Transport
Janakpurdham
Invitation for Bidders
Date of Publication: 2083/05/24 (9th Sept, 2026)

1. Ministry of Labour and Transport, Janakpurdham, invites open competitive biddings Hard Copy from Eligible Bidders for the following works under NCB Procedure. Only eligible bidders should participate in this bidding:

| S. N. | Contract Number | Description | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Price of Bid Document (NRs.) | Re-marks |
|---|---|---|---|---|---|---|
| 1 | MOLT-MP/GOODS/083-84/NCB-1 | 4WD Hard Top SUV at least 7 Seater Right Hand Drive 1 Qty | 8,90,000/- | 90 days from deadline of bid submission | 5,000/- | |

2. Date of Purchasing, Submission & Opening of Bids

| Deadline of Bid Purchasing | Deadline of Bid Submission | Date of Bid Opening | Employer's Bank Account for Purchasing Bid Document | Employer's Bank Account Details for Bid Security Cash Deposit |
|---|---|---|---|---|
| On or Before 29th Sept, 2026 (2083-06-13) Till 12:00 hours | On or Before 30th Sept, 2026 (2083-06-14) Till 12:00 hours | On 30th Sept, 2026 (2083-06-14) at 14:00 hours | Rastriya Banijya Bank, Janakpur Office Code No: - 3710017012 Revenue Heading No.:-14229 | Rastriya Banijya Bank, Janakpur Office Code No: - 3710017012 Account no: - 1220100202030000 |

3. A complete set of bidding document can be borrowed from Ministry of Labour and Transport, Madhesh Province, Janakpurdham. For detail information eligible bidders may visit the Ministry of Labour and Transport website https://molt.madhesh.gov.np/.
4. All the rights to accept or reject the bids are reserved to Ministry of Labour and Transport, Madhesh Province without specifying any reasons if any.

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असोज ११ गते**

मुलुक आर्थिक दबाबमा रहेका बेला मधेश प्रदेश सरकारले साढे ३ करोड रुपैयाँ पर्ने एउटा विलासी गाडी खरिद गर्ने प्रक्रिया अघि बढाएको छ। रसुवामा आएको विनाशकारी बाढीले ठूलो जनधनको क्षति पुऱ्याएको र राज्यको आम्दानी तथा खर्च व्यवस्थापनमा दबाब बढिरहेका बेला प्रदेश सरकारले एउटै गाडी खरिदका लागि ३ करोड ५० लाख रुपैयाँ खर्च गर्न लागेको हो।

श्रम तथा यातायात मन्त्रालयले अति विशिष्ट व्यक्तिका लागि भन्दै ३ करोड ५० लाख रुपैयाँमा चारपांग्रे सवारीसाधन खरिद गर्न गत भदौ

बाँकी पृष्ठ ३ ▸▸

## कोशीको बाढीले सुकुमवासीलाई वर्षेनी त्रास

### हनुमाननगर कंकालिनी र तिलाठी कोइलाडीका ५ सय २३ परिवार विस्थापित

**अपन दैनिक संवाददाता**
**राजविराज, असोज ११ गते**

कोशी नदीको बाढीले घर डुबाएपछि सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका-७ मुसहरीकी रामकुमारी सदा तीन दिनदेखि सडकपेटीमा बनाएको त्रिपालमुनि बालबालिकासहित रात काटिरहेकी छन्।

४५ वर्षीया सदाको आँगनमा बिहीबार नै बाढी पसेको थियो। त्यस दिन जसोतसो घरमै बिताएकी उनी शुक्रबार भान्छासम्मै पानी पसेपछि सडकपेटीमा त्रिपाल टाँगेर बस्न बाध्य भइन्। शनिबार बालबालिकालाई चाउचाउ खुवाएर दिन काटेको उनले बताइन्। 'सडकभन्दा तल बाढी छ। तीन जना साना बालबालिकालाई छाडेर खाना पनि बनाउन सक्ने अवस्था थिएन,' उनले भनिन्, 'बालबालिकालाई त खुवाएँ तर त्यस



रात आफैं भोकै सुत्नुपऱ्यो।'

सदा परिवारका लागि यो पहिलोपटकको विपत्ति होइन। वर्षेनी कोशीको बाढीमा घर डुब्ने र सुरक्षित ठाउँ खोजेर बस्नुपर्ने बाध्यता उनलाई दोहोरिँदै आएको छ। उनीहरू तीन पुस्तादेखि यही क्षेत्रमा बस्दै आएका छन्। 'हामी सुकुमवासी हौं। अन्यत्र जग्गाजमिन नहुँदा बाढीले समस्यामा पार्छ भन्ने बुझ्दाबुझ्दै पनि यही बस्न बाध्य छौं,' सदाले भनिन्, 'हरेक चुनावमा नेताहरूले हाम्रो समस्या समाधान गर्छौं भनेर भोट बटुल्छन् तर दशकौं बित्दा पनि कसैले समाधान गरेनन्।'

मुसहरी टोलमा सदाजस्तै वडा ७ र ५ का गरी २५ परिवार बाढीपछि त्रिपालमुनि बसिरहेका छन्। घरसँगै उनीहरूका चापाकलसमेत डुबेका

बाँकी पृष्ठ ४ ▸▸




## मधेशका मुख्यमन्त्री र स्वास्थ्यमन्त्रीले सुशासनको धज्जी उडाए,दरबन्दी ११ औं तह, सातौं तहलाई महिनौंदेखि निमित्त

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असोज ११ गते**

एघारौं तहका प्रमुख रहने मधेश प्रदेश स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गतका निकायमा विगत ३ महिनादेखि सातौं तहका कर्मचारीका भरमा संचालित छन्। मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादव र स्वास्थ्य तथा जनसंख्या मन्त्री नागेन्द्र साहले दरबन्दी अनुसारका कर्मचारी नखटाई सातौं तहका कर्मचारी राखी सेटिङमा ठेक्कापट्टादेखि बिभिन्न काम गराएको आरोप छ।




मुख्यमन्त्री यादव र स्वास्थ्य मन्त्री साहले ११ औं तहको दरबन्दी भएका निकायमा सातौं तहका कर्मचारीलाई प्रमुखको जिम्मा दिएर सुशासनको खिल्ली उडाएका छन्।

बिगत ३ महिनादेखि प्रदेश जनस्वास्थ्य प्रयोगशालामा सातौं तहका कर्मचारी प्रमुख छन्। जबकि प्रदेशको प्रयोगशालामा एघारौं तहको दरबन्दी हो। दसौं र एघारौं तहका कर्मचारीलाई जिल्लामा खटाएर सातौं तहका ल्याब टेक्निसियन

बाँकी पृष्ठ २ ▸▸

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

# जेनजी आन्दोलनयता बने ११ ऐन

## संविधान कार्यान्वन्वयनसँग सम्बन्धित ऐनहरू भने आउन सकेका छैनन् । संघीय निजामती सेवा विधेयक छलफलमै छ ।



जेनजी आन्दोलनयता संघीय संसद्‌ले विभिन्न ११ वटा ऐन बनाएको छ ।

गत वर्ष भदौ २३ र २४ मा जेनजी आन्दोलन भएको थियो । आन्दोलनपछि तत्कालीन सरकार ढल्यो । पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा सोही वर्ष २७ भदौमा अन्तरिम सरकार बन्यो ।

अन्तरिम सरकारले २१ फागुन २०८२ मा प्रतिनिधिसभाको निर्वाचन केन्द्रित रहेर मतदाता नामावली (पहिलो संशोधन) र प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश ल्यायो ।

दुवै अध्यादेश प्रतिस्थापन गर्ने विधेयक निर्वाचनपछिको संघीय संसद्‌बाट पारित भएर ऐनमा रुपान्तरित भएका छन् ।

थप ९ वटा विधेयक पनि संघीय संसद्‌बाट पारित भएर ऐनमा रुपान्तरित भएका छन् । यसमा चालु आर्थिक वर्षको विनियोजन विधेयक र यससँग आश्रित विधेयक पनि समावेश छ ।

गत भदौ ३१ गते राष्ट्रपति रामचन्द्र पौडेलले नेपाल विशेष सेवा ऐन, २०४२ को साविकको व्यवस्था जगाउनेसम्बन्धी विधेयक प्रमाणीकरण गरे । त्यसअघि असार ३० गते राष्ट्र ऋण उठाउने विधेयक, विनियोजन विधेयक र आर्थिक विधेयक प्रमाणीकरण भएका थिए ।

असार २५ गते चार वटा विधेयक प्रमाणीकरण भएका थिए । त्यस दिन स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, सहकारी (पहिलो संशोधन) विधेयक, सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण (तेस्रो संशोधन) विधेयक र सार्वजनिक खरिद (दोस्रो संशोधन) विधेयक प्रमाणीकरण भएका हुन् ।

त्यसअघि असार ११ गते राष्ट्रपति पौडेलले वैकल्पिक विकास वित्त परिचालन विधेयक प्रमाणीकरण गरेका थिए । संविधान कार्यान्वन्वयनसँग सम्बन्धित ऐनहरू भने आउन सक्केका छैनन् । संघीय निजामती सेवा विधेयक छलफलमै छ ।

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका कानुन महाशाखाका सहसचिव लोकहरि बस्यालका अनुसार निजामती विधेयकउपर लोकसेवा आयोगबाट राय प्राप्त भएको छ । अर्थ मन्त्रालय र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले अगाडि बढाउन स्वीकृति प्रदान गरिसकेका छन् । तर संसद्मा दर्ता भएको छैन ।

यो ऐन नबन्दा संघ, प्रदेश र स्थानीय तहको कर्मचारीको भर्ना, अधिकार क्षेत्र र कुन तह मातहत रहने जस्ता विषयमा स्पष्टा आउन सकेको छैन । संविधानतः प्रादेशिक लोकसेवा आयोगहरू बनेका छन् । तर अहिले पनि स्थानीय तह र प्रदेशमा संघ मातहतकै कर्मचारी छन् ।

प्रदेशको प्रमुख सचिव, प्रदेशका मन्त्रालयका सचिव र स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृत संघ मातहत हुनुपर्ने अडानका बीच प्रतिनिधिसभाको अघिल्लो कार्यकालमा विधेयक आएको थियो । तर प्रदेश र स्थानीय तहमा संघका कर्मचारी रहने विषय संघीयताको मर्मविपरीत हुने तर्कका कारण अपेक्षित गतिमा अगाडि बढेन ।

यी विषयमा अहिले सरकारले कस्तो प्रस्ताव गरेको छ भन्ने केही सार्वजनिक गरेको छैन ।

मुलुक संघीय शासन व्यवस्थामा एक दशक बितिसक्दा पनि संघीयता अनुकूलको व्यवस्थामा जान/लैजान नसकिएको अर्को क्षेत्र हो, सुरक्षा निकाय । सुरक्षा निकाय कुन तहअन्तर्गत कतिसम्म रहने भन्ने विषय संसदमा सधैं चर्चामा छ । तर कानुन बन्न सकेको छैन । परिणाममा प्रादेशिक सुरक्षा निकाय बन्नै सकेनन् । देशभर अहिले पनि केन्द्रीकृत शासन व्यवस्था अनुसारकै सुरक्षा संयन्त्र छ ।

२०७६ सालमै प्रहरी समायोजन ऐन बनेको थियो ।

२०७६ साल माघ २८ गते तत्कालीन राष्ट्रपतिबाट 'प्रहरी कर्मचारीलाई नेपाल प्रहरी तथा प्रदेश प्रहरीमा समायोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' प्रमाणीकरण भएको थियो । सोही दिन 'नेपाल प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको सञ्चालन सुपरिवेक्षण र समन्वय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' प्रमाणीकरण भएको थियो । तर यसको कार्यान्वयन हुन सकेको छैन ।

यसैगरी, मौलिक हकसँग सम्बन्धित व्यवस्थाहरू पनि कार्यान्वयनमा आउन सकेका छैनन् ।

संविधानले नै तीन वर्षभित्र संविधान अनुकूल नरहेका कानुनहरू संविधान अनुकूल बनाउने भनेको थियो । त्यसलाई भाषागत रूपमा मिलाउने काम विगतकै संसद्‌ले गऱ्यो । तर मौलिक हक व्यवहारतः कार्यान्वयनमा छैनन् ।

संविधानले आवासको हक, शिक्षाको हक, स्वच्छ वातावरणको हक, रोजगारीको हक लगायतलाई मौलिक हकको रूपमा राखेको छ । तर कार्यान्वयन गर्ने आधार र कानुनी प्रावधानले पूर्णता पाएको छैन ।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोबिता गौतम भने संविधानले प्रत्याभूत गरेका मौलिक हकको पूर्ण कार्यान्वयनका लागि आवश्यक बाँकी कानुन निर्माणलाई सरकारले प्राथमिकताका साथ अघि बढाइरहेको बताउँछिन् ।

असोज २ गते राष्ट्रिय सभाको बैठकमा राष्ट्रिय सभा सदस्य खम्मबहादुर खातीले नेपालको संविधानको भाग-३ मा व्यवस्था गरिएका मौलिक हक कार्यान्वयनका लागि कुन-कुन कानुन अझै बन्न बाँकी छन् र ती कानुन कहिलेसम्म बन्ने हुन् भन्ने प्रश्न गरेका थिए ।

जवाफमा मन्त्री गौतमले संविधानको धारा १६ देखि ४६ सम्म व्यवस्था गरिएका मौलिक हक कार्यान्वयनका लागि अधिकांश आवश्यक कानुन तथा नियमावली निर्माण भइसकेको जानकारी दिइन् ।

मौलिक हकसँग सम्बन्धित आमसञ्चार माध्यम, निःशुल्क कानुनी सहायता, एकीकृत क्षतिपूर्ति, सम्पत्तिको हक तथा अधिग्रहण क्षतिपूर्ति, संघसंस्था खोल्ने स्वतन्त्रता र दलितको अधिकारसम्बन्धी कानुन अझै निर्माण हुन बाँकी रहेको उनले बताइन् ।

मन्त्री गौतमले संविधान २०७२ मा जारी भएपछि विभिन्न ऐनलाई संविधानअनुकूल बनाउने काम हुँदै आएको पनि बताएकी छिन् ।

विगतमा किन सबै कानुन निर्माण हुन सकेनन् भन्ने प्रश्नको जवाफ आफूले दिन नसक्ने उनको भनाइ छ । तर वर्तमान सरकारले चालु वर्षलाई कानुन सुधार तथा निर्माण वर्षका रूपमा अघि बढाएको उनको जवाफ छ ।

## सम्पादकीय...

### उम्मेदवारी घोषणाको लहर

स्थानीय तहको निर्वाचनको मिति घोषणा भएको छैन् । अहिलेका जनप्रतिनिधिको कार्यकाल सकिन अझै करिब सात-आठ महिना बाँकी छ । निर्वाचन आयोगले निर्वाचन कार्यक्रम सार्वजनिक गरिसकेको छैन् । राजनीतिक दलहरूले उम्मेदवार छनोटको औपचारिक प्रक्रिया सुरु गरेका छैनन् । तर सिरहा जिल्लामा भने आगामी स्थानीय तहको निर्वाचनलाई लिएर राजनीतिक गतिविधि र उम्मेदवारी घोषणाको माहोल सामाजिक सञ्जालमा देखिन थालेको छ । विशेषगरी नगर प्रमुख र वडा अध्यक्ष पदमा विभिन्न व्यक्तिहरूले सामाजिक सञ्जालमार्फत आफ्नो उम्मेदवारी घोषणा गरिरहेका छन् । त्यसमध्ये ठूलो संख्या स्वतन्त्र उम्मेदवारका रूपमा अगाडि आउनेहरूको छ । फेसबुकलगायत सामाजिक सञ्जालमा आफ्नो तस्बिरसहित उम्मेदवारी घोषणा गर्ने, प्रतिबद्धता सार्वजनिक गर्ने र मतदातासँग समर्थन माग्ने क्रम विस्तारै बढिरहेको छ । लोकतन्त्रमा निर्वाचनमा उम्मेदवार बन्ने आकांक्षा राख्नु अस्वाभाविक होइन । कुनै दलको टिकटको प्रतीक्षा नगरी स्वतन्त्र रूपमा जनतामाझ जाने चाहना पनि नागरिकको राजनीतिक अधिकारभित्रै पर्छ । अझ स्थानीय तहमा दलभन्दा व्यक्ति, उसको सामाजिक सम्बन्ध, विगतको काम र स्थानीय मुद्दाप्रतिको बुझाइलाई मतदाताले महत्व दिने अवस्था देखिन्छ । त्यसैले सामाजिक सञ्जालबाट उम्मेदवारी घोषणा गर्ने प्रवृत्तिलाई लोकतान्त्रिक सहभागिताको एउटा नयाँ अभ्यासका रूपमा पनि हेर्न सकिन्छ । तर प्रश्न उम्मेदवारी घोषणा गर्न पाइन्छ कि पाइँदैन भन्ने मात्र होइन । प्रश्न के हो भने निर्वाचन आउनुअघि नै उम्मेदवार बन्ने होडमा सामाजिक सञ्जालमा देखाइएको प्रतिबद्धता कति वास्तविक हो ?

सामाजिक सञ्जालमा पोस्ट लेख्दैमा उम्मेदवारको राजनीतिक आधार तयार हुँदैन । निर्वाचन जित्नका लागि स्थानीय जनताको विश्वास, संगठन, स्पष्ट नीति, आर्थिक तथा सामाजिक दृष्टिकोण, विगतको सामाजिक योगदान र जनतासँगको निरन्तर सम्बन्ध आवश्यक हुन्छ । चर्चामा आउन वा सामाजिक सञ्जालमा आफ्नो उपस्थिति बढाउन उम्मेदवारी घोषणा गर्ने प्रवृत्ति बढ्दै गयो भने यसले निर्वाचनको गम्भीरतालाई हलुका बनाउने जोखिम पनि रहन्छ । अर्कोतर्फ, स्वतन्त्र उम्मेदवारी घोषणा गर्नेहरूको संख्या बढ्नुको कारण पनि खोजिनुपर्छ । राजनीतिक दलहरूप्रतिको असन्तुष्टि, स्थानीय तहमा अपेक्षित सेवा प्रवाह नहुनु, विकास निर्माणमा देखिएका समस्या, जनप्रतिनिधिप्रतिको जनगुनासो तथा नयाँ पुस्ताको राजनीतिक आकांक्षा यसका पछाडि हुन सक्छन् । त्यसैले सामाजिक सञ्जालमा देखिएको स्वतन्त्र उम्मेदवारीलाई व्यक्तिगत महत्वाकांक्षाका रूपमा बुझ्नु पनि पर्याप्त हुँदैन । तर स्वतन्त्र उम्मेदवार बन्ने हो भने स्वतन्त्रताको अर्थ दलको झण्डा नबोक्नु होइन । जनतासामु आफ्नो नीति, कार्यक्रम, प्राथमिकता र कार्ययोजना पनि स्पष्ट गर्नुपर्छ । नगरको शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, रोजगारी, कृषि, कर प्रणाली, फोहोर व्यवस्थापन, सुशासनजस्ता विषयमा उम्मेदवारको दृष्टिकोण के हो भन्ने प्रश्नको उत्तर पनि मतदाताले खोज्नेछन् ।

सिरहामा विगतका निर्वाचनको अनुभवले निर्वाचनको समयमा गरिने ठूला-ठूला वाचा र निर्वाचनपछि देखिने कामबीच दूरी हुनु हुँदैन । त्यसैले अहिले उम्मेदवारी घोषणा गर्नेहरूले आगामी सात-आठ महिनालाई प्रचारको समय मात्र होइन, आफ्नो राजनीतिक तयारी र जनसम्बन्ध निर्माण गर्ने अवसरका रूपमा लिनुपर्छ ।

त्यसैगरी मतदाताले पनि सामाजिक सञ्जालमा देखिएको लोकप्रियता, लाइक, कमेन्ट र शेयरलाई उम्मेदवारको क्षमता मापन गर्ने आधार बनाउनु हुँदैन । उम्मेदवारको विगत, सामाजिक योगदान, सार्वजनिक व्यवहार, आर्थिक पारदर्शिता, स्थानीय मुद्दाको बुझाइ र निर्वाचित भएपछि गर्न सक्ने कामको वास्तविक योजनालाई हेर्नुपर्ने हुन्छ । निर्वाचनको मिति घोषणा हुनुअघि नै उम्मेदवारी घोषणा गर्ने क्रम सुरु हुनु आफैंमा लोकतन्त्रका लागि समस्या होइन । समस्या तब हुन्छ, जब राजनीति केवल सामाजिक सञ्जालको पोस्ट र प्रचारमा सीमित हुन्छ । उम्मेदवारी घोषणा सजिलो छ, तर जनताको विश्वास जित्नु कठिन छ । घोषणा गर्नुभन्दा ठूलो कुरा आफूले किन उम्मेदवारी दिएको हो र निर्वाचित भएपछि के फरक पार्न सकिन्छ भन्ने स्पष्ट पार्नु हो । आगामी स्थानीय निर्वाचनका लागि सिरहामा अहिलेबाटै देखिएको यो उम्मेदवारी घोषणाको लहरले एउटा नयाँ राजनीतिक प्रतिस्पर्धाको संकेत गरेको छ । अब यो प्रतिस्पर्धा कसले पहिले उम्मेदवारी घोषणा गऱ्यो भन्नेमा होइन, कसले जनताको वास्तविक समस्या बुझेर विश्वसनीय विकल्प प्रस्तुत गर्न सक्छ भन्नेमा केन्द्रित हुनुपर्छ । त्यसैले निर्वाचन सामाजिक सञ्जालको लोकप्रियता परीक्षण होइन, जनताको मतबाट गरिने सार्वजनिक जिम्मेवारीको छनोट हो । उम्मेदवारी घोषणा गर्नेहरूलाई पनि जनताले प्रश्न गर्नुपर्छ र मतदाताले पनि घोषणाभन्दा काम, नाराभन्दा नीति र प्रचारभन्दा विश्वसनीयतालाई महत्व दिनुपर्छ । यही अभ्यासले आगामी स्थानीय निर्वाचनलाई व्यक्तिको प्रचारको प्रतिस्पर्धाबाट जनताको मुद्दाको प्रतिस्पर्धातर्फ लैजान सक्छ ।

## मधेशका मुख्यमन्त्री र स्वास्थ्यमन्त्रीले ..........

गुणानन्दप्रसाद साहलाई तीन महिनादेखि निर्देशकको जिम्मेवारी दिइएको छ । नवौं तहका सिनियर ल्याब समूहका मृत्युञ्जयप्रसादलाई सर्लाहीमा गैरकानुनी काजमा खटाइएको छ । सर्लाहीको ल्याबमा ८ औं तहको कर्मचारीको दरबन्दी छ । तर नवौं तहका कर्मचारीलाई खटाइएको छ ।

११ औं तहको दरबन्दी भएको प्रदेश जनस्वास्थ्य प्रयोगशालामा ७ औं तहका ल्याब टेक्निसियनलाई निर्देशक बनाएर मुख्यमन्त्री र स्वास्थ्यमन्त्रीले ऐन-नियमको धज्जी उडाएका छन् । मृत्युञ्जयले गैरकानुनी काज फिर्ता गरिदिन पटक-पटक निवेदन दिंदा पनि काजफिर्ता भएको छैन । ९ र १० तहको कर्मचारीको खटनपटनको अधिकार मुख्यमन्त्री कार्यालयको क्षेत्रभित्र पर्दछ ।

दरबन्दी अनुसारको कर्मचारी खटाउनुपर्ने, दरबन्दी अनुसारको कर्मचारी नभए सिनियरलाई खटाउनुपर्ने दायित्व मधेश प्रदेश स्वास्थ्य मन्त्रालयका सचिव प्रमोदकुमार यादवको हो । तर सचिव यादवले समेत ऐन-नियम पालना नगरी ११ औं तहको दरबन्दी भएको जनस्वास्थ्य प्रयोगशालामा सेटिङमा सातौं तहका साहलाई निर्देशकको जिम्मा दिएका छन् । सिनियर कर्मचारीलाई जिल्लामा दरबन्दी नै नभए पनि गैरकानुनी काजमा पठाउने काम सचिव यादवले गरेको आरोप छ ।

त्यस्तै, मधेश प्रदेशको स्वास्थ्य आपूर्ति केन्द्रको निर्देशक पनि ११ औं तहको कर्मचारी हुने व्यवस्था छ । ११ औं तहका जनरल हेल्थ समूहका डा. सुनिल कुशवाहालाई काजमा सिरहा अस्पतालमा खटाइएको छ । र, आपूर्ति केन्द्रमा सातौं तहका फार्मेसिष्टलाई ३ महिनादेखि निमित्त निर्देशकका रुपमा राखिएको छ । प्रदेशमा समूह मिले पनि समूहमा काम गर्न दिइँदैन । मधेश प्रदेशमा ११ औं तहका ४ जना, ९ र १० औं तहका २० जना हुँदा पनि संवेदनशील पद प्रदेश ल्याबमा र प्रदेश आपूर्ति केन्द्रमा सात तहका निमित्त निर्देशक ३ महिनादेखि कार्यरत छन् ।

त्यसैगरी, मधेश प्रदेश स्वास्थ्य निर्देशनालयमा एक महिनाभन्दा बढी समयदेखि निर्देशक पद रिक्त छ । त्यहाँ निमित्त प्रमुखको जिम्मेवारी पनि कसैलाई दिइएको छ ।

## आजको राशिफल

**मेष** : अवसर आए पनि विचारेर मात्र नया काम सुरु गनु होला कतै टाढाको यात्राको संभावना छ ।

**बृष** : स्वास्थ्यगत कमजोरीले सताउला मनमा घरायसी पिडाले डेरा जमाउन सक्छ ।

**मिथुन** : प्रतिस्पर्धामा केही कमजोर सावित भइएला चिताएको काम पुरा नहुन सक्छ ।

**कर्कट** : रुचिका विषयमा लगानी बढाउने समय छ नसोचेको ठाउबाट आम्दानी हुने दिन छ ।

**सिंह** : व्यापार-व्यवसायमा लाग्नेहरूलाई विशेष फाइदा होला, आर्थिक लाभ हुने दिन छ ।

**कन्या** : आफ्नै कमजोरीले विवादमा परिने योग छ, सचेत रहनुहोला साथै मनमा पिडाले पनि सताउने छ ।

**तुला** : कामको सन्दर्भमा प्रतिष्ठित व्यक्तित्वहरूसँग मित्रता बढ्नेछ, मानसम्मान पनि पाइएला ।

**वृश्चिक** : स्वादिष्ट भोजनको आनन्द पाइएला । आफन्त र मित्रहरूसँग भेटघाट र रमाइलो गरिने छ ।

**धनु** : कला, साहित्य, मनोरञ्जन आदि क्षेत्रमा रुचि बढ्नेछ । पारिवारिक सुखसम्मृद्धिमा बृद्धि हुनेछ ।

**मकर** : सानातिना काम र घरेलु समस्यामै अल्झनुपर्ने देखिन्छ भौतिक साधनको क्षति हुने दिन छ ।

**कुम्भ** : नयाँ जिम्मेवारी पाइएला । दैनिक कामकाज सजिलै सम्पन्न हुनेछन्, रोकिएका कामहरु बन्ने दिन छ ।

**मीन** : व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ साथै धनलाभ पनि हुनेछ ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**

जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# छठपछि बालेन सरकारविरुद्ध आन्दोलन चर्काउने तयारीमा मधेशकेन्द्रित दल

## संविधानको रक्षादेखि आत्मनिर्णयको अधिकारसम्मका मुद्दा उठाइने

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज ११ गते**

दसैं, तिहार र छठ जस्ता ठूला चाडपर्व सकिएलगत्तै मधेशकेन्द्रित दलहरुले बालेन्द्र शाह नेतृत्वको सरकारविरुद्ध आन्दोलनको तयारी थालेका छन् । संविधान र संघीयताको रक्षा गर्ने भन्दै उनीहरु सरकारविरुद्ध उत्रिने भएका हुन् ।



उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी, सीके राउत नेतृत्वको जनमत पार्टी, प्रभु साह नेतृत्वको आम जनता पार्टीसहित ८ दल रहेको अग्रगामी मोर्चाले त्यसको नेतृत्व गर्ने भएको छ। यद्यपि, यसमा अन्य राजनीतिक दलले समेत साथ र समर्थन गरिरहेको नेताहरू बताउँछन् ।

आन्दोलनको केन्द्रमा मधेस प्रदेश हुनेछ । जसपाका अध्यक्ष उपेन्द्र यादवले सरकारलाई छठपछि देखिने, सुनिने र बुझिने बनाउने बताए ।

मोर्चाका प्रवक्ता समेत रहेका राउतका अनुसार दसैंलगत्तै बालेन सरकारलाई ज्ञापनपत्र बुझाउने कार्यक्रम छ ।

'माग सम्बोधन नभए विरोधको कार्यक्रम हुँदै अनि आन्दोलन हुन्छ,' उनले अपन दैनिकसँग भने ।

तथापि, उनले विरोध कार्यक्रम काठमाडौंबाट सुरु भएर राष्ट्रव्यापी बनाइने बताए ।

तर, मधेश प्रदेशमा कार्यकर्ता परिचालन, भेला र राजनीतिक संवादलाई तीव्र पारिएको छ। त्यसका लागि संघीयता र प्रदेश अधिकारको मुद्दालाई आधार बनाउने उनीहरूको तयारी देखिन्छ ।

राउतले वर्तमान सरकार राष्ट्रियताप्रति उत्तरदायी नभएको आरोप लगाए । संविधान संशोधनको नाममा सरकारले संविधान खारेज गर्ने कि राजतन्त्र स्थापना गर्ने बहसतर्फ देशलाई लैजाने प्रयास गरेको आरोप लगाए ।

'राष्ट्रियता, स्वाधीनता, संविधानको रक्षा र संघीय संरचनालाई दिएको अधिकारको कार्यान्वयन मुख्य एजेन्डालाई उठाउँदैछौं,' राउतले थपे।

सरकारविरुद्ध गत भदौ २३ गते नै आन्दोलनमा उत्रिने तयारी गरिरहेका आम जनता पार्टीका अध्यक्ष प्रभु साह जेनजीको आन्दोलन हाइज्याक भएकोले वास्तविक अधिकार प्राप्तिका लागि बृहत् खालको आन्दोलनको तयारी भइरहेको बताउँछन् ।

साहले बालेन सरकार 'फेक सरकार' भएको आरोप लगाउँदै बालेन ओली-देउवाकै अर्को नयाँ भेरियन्ट भएको टिप्पणी गरे ।

'जेनजीहरू अहिले धोकाको सिकार भए, आन्दोलनले रविजी जेलबाट छुट्नुभयो, बालेनजी प्रधानमन्त्री बन्नुभयो, तर पीडितहरूको बेहाल अवस्था छ। मुद्दा जहाँको त्यहीं रह्यो,' साहले भने, 'देशका लागि, जनताका लागि अब एउटा ठूलो धक्का दिनुपर्छ र यो सरकार हटाउनुपर्छ।'

यद्यपि, आन्दोलन कहिले हुन्छ र त्यसको स्वरुप के हुन्छ भन्ने उनले खुलाएनन् ।

'लोकतन्त्र, देशभक्त पक्षधरहरू, सुशासनका पक्षधर सबै एकै ठाउँमा आउनैपर्छ। त्यसकै लागि अग्रगामी मोर्चा बनाएका छौं,' आजपा अध्यक्ष साहले थपे, 'यसमा जेनजी अभियन्ता पनि छन्। बुद्धिजीवी पनि छन्। त्यो आन्दोलन छठपछि सुरु हुनसक्छ।'

नेताहरूका अनुसार अहिले मधेशमा आत्मनिर्णयको अधिकारको मागका विषयमा पनि भित्री तयारी भइरहेको छ । कुनै समय मधेशमा आत्मनिर्णयको अधिकार माग गर्दै आन्दोलन भएको थियो। यसपटक फेरि सो माग चर्काउने उनीहरुको तयारी छ।

उपेन्द्र यादवले चाडपर्वपछि संघर्षका लागि तयार रहन कार्यकर्तालाई आह्वान गरिसकेका छन् ।

जनमत अध्यक्ष एवं मोर्चाका प्रवक्ता राउतले भने-'संविधानले दिएको अधिकार पनि प्रदेशलाई हस्तान्तरण गरिएको छैन । प्रदेशलाई स्वायत्तता दिनुपर्छ। प्रदेशलाई आफ्ना कर्मचारी, प्रहरी, बजेटको अधिकार, राजस्व उठाउने अधिकार दिनुपर्छ भन्ने हाम्रो माग हो।'

बाँकी पृष्ठ ४ ▶▶




# घरमा चोरी गरी महिलाको हत्या गर्ने तीन युवक पक्राउ

**अपन दैनिक संवाददाता**
**वीरगन्ज, असोज ११ गते**

पर्साको धोबिनी गाउँपालिका-५ धोबिनीमा गत आइतबार घरमा भएको चोरी र एक महिलाको हत्यामा संलग्न तीन जना युवक पक्राउ परेका छन् ।



धोबनीका श्रीनिवास साह तुराहाको घरमा गत आइतबार राति नगद रकम र गरगहना चोरी हुनुका साथै उनकी पत्नी ६२ वर्षीया लखरजिया देवीको हत्या भएको थियो । उक्त घटनामा संलग्न रहेको आरोपमा प्रहरीले धोबिनी गाउँपालिका-५ धोबिनीकै १८ वर्षीय चन्दन कुमार पटेल, १८ वर्षीय राज कपुर बैठा र १८ वर्षीय रामु पासवानलाई पक्राउ गरेको हो।

गत आइतबार राति दुई तल्ले पक्की घरको दोस्रो तल्लाको कोठामा लखरजिया देवी र पहिलो तल्लाको कोठामा श्रीनिवास सुतेका थिए । सोमबार बिहान लखजरिया देवी सुतेकै कोठामा मृत अवस्थामा भेटिएकी थिइन् भने उनि सुतेको कोठाभित्र रहेको दराज र बाक्सा फोडेर नगद रकम र गरगहना चोरी भएको थियो।

उक्त घटनाको अनुसन्धानमा जुटेको प्रहरीका अनुसार, असोज ४ गते आइतबारराति ११ बजे पटेल, बैठा र पासवान तीनै जनाले बैठाको घरमा गाँजा सेवन गरी मृतकको घरमा चोरी गर्ने योजना बनाएका थिए । त्यसपछि उनिहरु तीनै जना मृतक लखरजिया देवीको पक्की घरको पछाडिको पर्खालबाट घरमाथि चढेर माथिल्लो तलाको झ्यालबाट घरभित्र प्रवेश गरेका थिए ।

घरभित्र छिरेका उनिहरुले स्टिलको दराज तोडेर दराजभित्र राखिएको पैसा र गरगहनाहरू चोरी गरी अन्य कोठामा रहेको टिनको बक्साको ताल्चा फुटाइरहेको अवस्थामा तल्लो तल्लामा सुतिरहेकी लखरजिया देवी ब्युँझिएकी थिइन् । त्यसपछि तोडफोडको आवाज सुनेर माथिल्लो तलामा गएकी लखरजिया देवीलाई देखेपछि पटेल, बैठा र पासवानले फलामको धारिलो वस्तुले प्रहार गरेर उनको हत्या गरी गरगहना र नगद रकम लिएर फरार भएका थिए ।

घटनापछि अनुसन्धानमा जुटेको प्रहरीले पटेललाई शुक्रबार वीरगन्जबाट तथा बैठा र पासवानलाई शनिबार धोबिनी गाउँबाटै पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एंव प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिए। उनिहरुको साथबाट घरबाट चोरी भएको रकम र सुनको गहनाका साथै गाडीको स्प्रिङ पत्ता १ थान, पिलास १ थान र चक्कु थान बरामद गरिएको मल्लले जानकारी दिए।

पक्राउ गरिएका तीनै जनालाई प्रहरी हिरासतमा राखेर उनिहरुविरुद्ध पर्सा जिल्ला अदालत पर्साबाट कर्तव्य ज्यान कसूर मुद्दामा ७ दिनको म्याद थप अनुमति लिई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

❍ ग्राहक बन्नु परेमा ।
❍ नवीकरण गर्नु परेमा ।
❍ ठेगाना परिवर्तन भएमा ।
❍ पत्रिका नियमित नआएमा ।
सिधा सम्पर्क ०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म
अपन दैनिक पत्रिका

## कमला नदीमा पानीको बहाव बढेपछि बाँध सुरक्षामा ..............

माइकिङ गरी स्थानीयलाई सावधानी अपनाउन आग्रह गर्नुका साथै आवश्यक परे तत्काल उद्धार तथा विपद् व्यवस्थापनका लागि टोली तयारी अवस्थामा राखेको जनाएको छ।

**हावाहुरीले उखुमा क्षति**

लगातारको वर्षा र बाढीका कारण हालसम्म मानवीय तथा ठूलो भौतिक क्षति नभएको प्रशासनले जनाएको छ । तर, केही दिनअघि आएको हावाहुरीका कारण सिरहाका नरहा, विष्णुपुर, गोलबजारलगायत क्षेत्रमा किसानले लगाएको उखु ढलेर क्षति पुगेको छ।

वर्षा र हावाहुरीका कारण उखु ढलेपछि किसानहरूलाई उत्पादन घट्ने र लगानीसमेत नउठ्ने चिन्ता बढेको छ । प्रशासनले भने वर्षा तथा बाढीबाट हुन सक्ने सम्भावित क्षति न्यूनीकरणका लागि तटीय क्षेत्रको अवस्था निरन्तर निगरानीमा राखिएको जनाएको छ।

## साढे ३ करोडको एउटै विलासी गाडी खरिद गर्दै ..............

२५ गते बोलपत्र आह्वान गरिसकेको छ।

चालु आर्थिक वर्षको बजेटमा श्रम तथा यातायात मन्त्रालयअन्तर्गत चारपांग्रे सवारीसाधन खरिदका लागि ३ करोड ५० लाख रुपैयाँ विनियोजन गरिएको थियो। तर, प्रदेश सरकारको आर्थिक अवस्था र बजेट कार्यान्वयनमा देखिएको दबाबका कारण अर्थ मन्त्रालयले विभिन्न शीर्षकको बजेट कटौती तथा रोक्का गर्न मातहतका निकायलाई पत्राचार गरेको छ।

अर्थ मन्त्रालयले चालु आर्थिक वर्षको बजेटमा करिब ७ अर्ब रुपैयाँसम्म घट्ने अनुमान गर्दै केही शीर्षकमा २० देखि शतप्रतिशतसम्म बजेट कटौती गर्ने तथा केही शीर्षकको रकम प्रदेश लेखा प्रणालीमा रोक्का गर्ने प्रक्रिया अघि बढाएको छ । सवारीसाधन खरिदतर्फको बजेटसमेत रोक्का गरिएको मन्त्रालयले जनाएको छ।

तर, अति विशिष्ट व्यक्तिको प्रयोगका लागि सवारीसाधन खरिद गर्न विनियोजित बजेट भने रोक्का नभएको अर्थ मन्त्रालयको भनाइ छ । राज्यको आम्दानी र खर्च व्यवस्थापनमा दबाब रहेका बेला जनताबाट संकलित करबाट करोडौं रुपैयाँ एउटै गाडी खरिदमा खर्च गर्न लागिएको भन्दै यसको औचित्यमाथि प्रश्न उठेको छ।

श्रम तथा यातायात मन्त्रालयका निमित्त सचिव रञ्जित यादवले भने चालु आर्थिक वर्षको बजेटमै अति विशिष्ट अतिथिका लागि सवारीसाधन खरिद गर्न रकम विनियोजन भएकाले खरिद प्रक्रिया अघि बढाइएको बताए। उनका अनुसार अति विशिष्ट व्यक्तिका लागि गाडी खरिद प्रक्रिया अघि बढाउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट पत्राचार भएको थियो।

'बजेटमै अति विशिष्ट अतिथिका लागि गाडी खरिद गर्ने व्यवस्था भएकाले प्रक्रिया अघि बढाइएको हो,' यादवले भने। उनका अनुसार उक्त गाडी प्रदेशमा आउने राष्ट्रपति तथा प्रधानमन्त्रीलगायत अति विशिष्ट व्यक्तिको प्रयोगका लागि राखिनेछ।

अर्थ मन्त्रालयले पनि सामान्य सवारीसाधन खरिदतर्फको बजेट रोक्का गरिए पनि अति विशिष्ट व्यक्तित्वका लागि खरिद गरिने सवारीसाधनको बजेट रोक्का नगरिएको स्पष्ट पारेको छ।

प्रदेश सरकार आर्थिक मितव्ययिता अपनाउने बताउँदै आए पनि एकैपटक साढे ३ करोड रुपैयाँको गाडी खरिद गर्न लागेपछि सरकारको प्राथमिकता र खर्चको औचित्यमाथि प्रश्न उठेको छ । आर्थिक दबाबका बीच अत्यावश्यक खर्चसमेत व्यवस्थापन गर्नुपर्ने अवस्थामा विलासी सवारीसाधन खरिदलाई प्राथमिकता दिइनुले सरकारको मितव्ययिताको नीतिमाथि समेत प्रश्न उठाएको छ।



१२ असोज ०८३ सोमबार
www.apandainik.com
अपन दैनिक
Apan Dainik National Newspaper

# बाढी प्रभावित क्षेत्रको पुनर्निर्माणमा ढिलाइ हुँदैन: मन्त्री लम्साल

**अपन दैनिक संवाददाता**
**काठमाडौं, असोज ११ गते**

पूर्वाधार विकास मन्त्री सुनील लम्साललले हालैको अविरल वर्षा, बाढी र पहिरोबाट क्षतिग्रस्त बनेका सडक, पुल तथा खानेपानी प्रणालीको पुनर्निर्माण कार्य यसै महिनाभित्र सुरु गरिने प्रतिबद्धता व्यक्त गरेका छन्।

देशभर बाढी-पहिरोले भौतिक पूर्वाधार र जनजीवनमा गम्भीर असर पारेपछि मन्त्री लम्साललले आइतबार प्रभावित क्षेत्रका जनप्रतिनिधिहरू र प्रधानमन्त्रीका सल्लाहकार सुदीप ढकालसँग नागरिकको पुनःस्थापना तथा पुनर्निर्माणबारे मन्त्रालयमा विस्तृत छलफल गरेका हुन्।

छलफलका क्रममा मन्त्री लम्साललले पछिल्लो तीन दिनको विपद्‌बाट भएको क्षतिको तत्काल मूल्याङ्कन गरी बजेट व्यवस्थापन गरिने बताए। उनले छिटो माध्यमबाट टेन्डर प्रक्रिया अघि बढाएर असोजभित्रै पुनर्निर्माण थालिने बताउँदै बाढी प्रभावित परिवारका लागि स्थानीय तहमार्फत तत्काल अस्थायी आवासको प्रबन्ध मिलाइने बताए।

मन्त्रालयका अनुसार कालीगण्डकी करिडोरअन्तर्गत म्याग्दीको पोखरेबगर, बागलुङको मालढुङ्गा तथा तनहुँ-नवलपरासीको देदगाउँस्थित पुलका पहुँच (एप्रोच) सडक बगेका छन् भने कालीगण्डकीको पक्की पुल नै बगाएको छ।



यसैगरी काठमाडौं उपत्यका जोड्ने पृथ्वी राजमार्ग, बीपी राजमार्ग र कान्ति लोकमार्गसहित विभिन्न जिल्लाका दर्जनभन्दा बढी सडकमा ठूलो क्षति पुगेको छ।

उता, डुम्रे-बेँसीसहर-चामे सडकखण्डअन्तर्गत लमजुङको रामबजार-स्याङ्गेमा मर्स्याङ्दी नदीको कटानले करिब ४० मिटर सडक पूर्ण रूपमा भासिएको छ।

मनाङको नासोंस्थित खोत्रोमा पहिरोले सडक अवरुद्ध छ भने नासोंकै बगरछापमा कटानका कारण करिब ५० मिटर सडक भासिएको छ। चामेमा बाढीले तीनवटा अस्थायी काठे पुलसमेत बगाएको छ।

बाढी र पहिरोले देशका प्रमुख झोलुङ्गे पुलहरूमा पनि व्यापक क्षति पुऱ्याएको छ। रुकुम पूर्वको नाथीगाड र बागलुङ-पर्वत जलजला फोर्से जोड्ने झोलुङ्गे पुल पूर्ण रूपमा नष्ट भएका छन्।

त्यसैगरी तनहुँको घिरिङ-नवलपुरको बुलिङटार, स्याङ्जाको गल्याङ-पाल्पाको रम्भा, पाल्पाको कासिबन-तनहुँको अत्रौली, पर्वत-स्याङ्जा जोड्ने सेतीबेणी तथा म्याग्दीको बेनी-पर्वतको जलजला जोड्ने झोलुङ्गे पुलमा आंशिक क्षति पुगेको छ।

मन्त्रालयको प्रारम्भिक विवरणअनुसार बाढी र पहिरोका कारण देशभर ३१ वटा खानेपानी आयोजनामा समेत क्षति पुगेको छ। ती सबै संरचनाको तत्काल मर्मत तथा पुनर्निर्माण अघि बढाउने सरकारको तयारी छ।

# सशस्त्र प्रहरीद्वारा फेवातालमा अत्याधुनिक जेट स्की बोट सञ्चालन

**अपन दैनिक संवाददाता**
**पोखरा, असोज ११ गते**




पोखराको फेवातालमा हुनसक्ने जल दुर्घटनाको खोज तथा उद्धार कार्यलाई थप प्रभावकारी बनाउन सशस्त्र प्रहरी बल नेपालले आईतबारदेखि अत्याधुनिक 'जेट स्की बोट' सञ्चालनमा ल्याएको छ।

फेवातालमा हुने पानीजन्य कुनै पनि घटनाहरूको खोज तथा उद्धार कार्यमा सहयोग पुग्ने उद्देश्यले वोट सञ्चालनमा ल्याइएको हो।

३ सिट क्षमताको जेट स्की बोटले १ घण्टामा करीब १०५ किलोमिटर दूरी पार गर्न सक्ने र लगातार ६-७ घण्टासम्म सञ्चालन गर्न सकिने उच्च क्षमता रहेको छ।

फेवातालमा पर्यटकीय गतिविधि र जल यात्राका क्रममा हुने जोखिमलाई मध्यनजरमा राखेर सशस्त्र प्रहरी बल नेपालले २०६९ सालदेखि 'फेवा वाच एन्ड रेस्क्यू टावर' स्थापना गरी निरन्तर खोज तथा उद्धार सेवा प्रदान गर्दै आइरहेको छ।

टावरमार्फत् खटिएका सशस्त्र प्रहरीका उद्धार टोलीले हालसम्म फेवातालबाट १ हजार ५८८ जना नागरिकको जीवितै उद्धार गरिसक्का छन् भने ५३ जनाको शव निकालेका छन्।

उच्च गतिको जेट स्की बोटको प्रयोगले फेवातालमा हुने आपतकालीन उद्धार कार्यलाई अझ छिटो, छरितो र परिणाममुखी बनाउन ठूलो सहयोग पुग्ने विश्वास समेत लिइएको सशस्त्र प्रहरी निरीक्षक दिलकुमार श्रेष्ठले जानकारी दिए।

## कोशीको बाढीले सुकुमवासीलाई ............

छन्। आधा डुबेको चापाकलको पानी पिउन बाध्य ५८ वर्षीय शिवु सदाले सुरक्षित बसोबासको व्यवस्था गरिदिन आग्रह गरे। 'वर्षेनी हामीलाई बाढीको बेला छाक टार्नै हम्मेहम्मे पर्छ,' उनले भने, 'चापाकल आधा डुबेको छ। अहिले त्यसैबाट पानी पिउँछु।'

उनका अनुसार सुरक्षित बसोबासको माग गर्दै पुस्तौं बिते पनि समस्या उस्तै छ। 'सुरक्षित बसोबासको माग गर्दै हाम्रा पूर्वजहरू बित्नुभयो। अब हाम्रो पनि बुढेसकाल लागिसक्यो तर दलित गरिबलाई हेर्ने कोही भएन,' उनले भने, 'जिन्दगी त्रास र आशमै सकिने भयो।'

कोशीको पश्चिमी तटबन्धभन्दा पूर्वतर्फका मुसहरी टोलदेखि सखुवा र गोबरगाढासम्मका बस्तीका सुकुमवासी परिवार अहिले बाढीको त्रासमा छन्। घर डुबेपछि उनीहरू तटबन्धको सडकपेटीमा त्रिपाल टाँगेर बसेका छन्।

हनुमाननगर कंकालिनी नगरपालिका-१३ गोबरगाढाका मात्रै १५० परिवारका घर पूर्ण रूपमा डुबानमा परेको नगरप्रमुख वीरेन्द्र माझीले बताए। उनका अनुसार टापुमा बसोबास गरिरहेका केही परिवारलाई बस्तीभन्दा पश्चिमतर्फ अग्लो स्थानमा बनाइएका १० वटा 'टेन्ट हाउस'मा सारिएको छ। 'वर्षा र बाढीको पूर्वजानकारी पाएसँगै ती परिवारलाई सुरक्षित स्थान हनुमाननगरमा सार्न खोजेका थियौं तर जति प्रयास गर्दा पनि सबै परिवार त्यहाँबाट सर्न तयार भएनन्,' उनले भने, 'त्यसैले दुई साताअघि मात्रै अग्लो स्थानमा 'टेन्ट हाउस' निर्माण गरेका थियौं।' गोबरगाढामा अहिले केही परिवार सुरक्षित स्थानमा सारिएको छ। गत शुक्रबार एक पाँच वर्षीय बालक कोशीको बाढीमा डुबेर मृत्यु भएको माझीले बताए।

हनुमाननगर कंकालिनी नगरपालिका-१२ का २ सय तथा वडा नम्बर ७ र ५ का गरी १ सय ५४ परिवारका घर पनि डुबानमा परेको उनले बताए। कोशी तटीय क्षेत्रका मुसहरी टोल, हनुमाननगर र सखुवा बस्तीका अधिकांश घरमा पानी पसेपछि प्रभावित परिवारलाई खाना पकाउनसमेत समस्या भएको छ। नगरपालिकाले शनिबार साँझदेखि पुरानो नगरपालिका कार्यालय भवनमा निःशुल्क मेस सञ्चालन गरेको छ। 'त्यहाँ बाढी प्रभावितलाई निःशुल्क दुई छाक खाना खुवाइरहेका छौं,' माझीले भने, 'बाढी पूर्ण रूपमा कम नभएसम्म मेस चलाइरहन्छौं। बाढी प्रभावित कोही भोको सुत्नु नपरोस् भन्ने उद्देश्य हो।'

कोशीको बाढीले तिलाठी कोइलाडी गाउँपालिकाका दुई वडाका १९ परिवारका घर पनि डुबानमा परेका छन्। वडा ४ का ११ र ५ का ८ परिवारका घर डुबानमा परेको गाउँपालिका अध्यक्ष अरुणकुमार मण्डलले बताए। उनका अनुसार कोशी नदीको पश्चिमी बाँध आसपासका घरमा पूर्ण रूपमा पानी पसेको छ।

बाढीले अन्नपातसमेत क्षति भएपछि गाउँपालिकाले आइतबारदेखि खाद्यान्नसहित राहत सामग्री वितरण गरिरहेको छ। 'पहिलो चरणमा तत्काल आवश्यक पर्ने २५ किलो चामल, ३ किलो भुजा, २ किलो चिउरा, १ लिटर तेल, नुन, भुजिया, चाउचाउ, त्रिपाल, झुल, ब्ल्यांकेटसहितका राहत सामग्री वितरण गरिसक्का छौं,' मण्डलले भने, 'थप राहत वितरण गर्ने काम पनि जारी छ।'

बाढीबाट हुन सक्ने जनधनको क्षति कम गर्न सशस्त्र प्रहरी बल नेपाल नं. ६ गण हेडक्वार्टर सप्तरीले कोशी तटीय क्षेत्रमा डीएमटी म्यानेजमेन्ट टिमका उद्धार टोलीलाई 'हाई अलर्ट'मा राखेको छ। कोशी तटीय क्षेत्रसहित अन्य बाढी प्रभावित क्षेत्रमा डीएमटी म्यानेजमेन्ट टिमका ३२ जनासहित ५ सयभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको सशस्त्र प्रहरी उपरीक्षक नवीनसिंह राईले बताए।

उनका अनुसार उद्धारका लागि दुई ऱ्याफ्टिङ र तीन मोटरबोट गरी पाँचवटा बोट तयारी अवस्थामा राखिएका छन्। कोशीमा शनिबार रातिको तुलनामा आइतबार साँझ पानीको बहाव घट्दो देखिए पनि जोखिम कायमै रहेको जनप्रतिनिधिहरूले बताएका छन्।






# चार दिनमा बाढी-पहिरोबाट २१ जनाको मृत्यु, पाँच जना बेपत्ता

**अपन दैनिक संवाददाता**
**काठमाडौं, असोज ११ गते**

पछिल्लो चार दिनमा बाढी-पहिरोमा परी २१ जनाको मृत्यु भएको छ। राष्ट्रिय विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार ८ असोजदेखि आइतबार साँझ ६ बजेसम्म २१ जनाको मृत्यु भएको हो।

यी चारमा दिनमा घटेको ४२६ घटनामा २१ जनाको मृत्यु भएको हो। जसमा पहिरोबाट १४ जना, बाढीबाट ४ जना र अबिरल वर्षाका कारण ३ जनाको मृत्यु भएको छ।

यी घटनामा पाँच जना बेपत्ता छन् भने पाँच जना घाइते भएका छन्। चार दिनमा मात्र ७४७ परिवार प्रभावित भएका छन् भने १४३ घर पूर्णरूपमा क्षतिग्रस्त बनेको छ।

## छठपछि बालेन ..........

यसमा अन्य के के विषय उठ्छन् भन्ने यकिन भइसकेको छैन। यसअघि सुनसरीको देवानगन्जको कप्तानगन्जमा हिन्दु र मुस्लिम युवाहरूबिच भएको विवादले उग्ररुप लिँदा प्रहरीले गोली चलाएको थियो। जसको असर सप्तरी र सिरहासम्म फैलिँदा चार जानाले ज्यान गुमाएका थिए।


## हुलाक सेवा: नागरिकको विश्वास

- हुलाक सेवाको इतिहास, महत्व र योगदानको सम्मान गरौं।
- दुर्गम तथा ग्रामीण क्षेत्रमा समेत भरपर्दो हुलाक सेवा विस्तारमा सहयोग गरौं।
- हुलाक सेवालाई आधुनिक सूचना तथा सञ्चार प्रविधिसँग जोड्दै प्रभावकारी बनाऔं।
- हुलाकमार्फत उपलब्ध सेवा तथा सुविधाको प्रयोग तथा सही सदुपयोग गरौं।
- चिठीपत्र, पार्सल तथा अन्य सामग्री पठाउँदा सही विवरण र सुरक्षित प्याकेजिङमा ध्यान दिऔं।
- हुलाक सेवाको डिजिटल रूपान्तरण र आधुनिकीकरणलाई प्रोत्साहन गरौं।
- हुलाक सम्पदा तथा ऐतिहासिक महत्वका सामग्रीको संरक्षण गरौं।
- आधुनिक हुलाक सेवा अपनाऔं, सेवा प्रवाहलाई प्रभावकारी बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## शैक्षिक प्रमाणपत्र हराएको सूचना

मिति २०८३/०६/०६ गते घरबाट लाहान जाने क्रममा मेरो +2 को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा उक्त कागजात कसैले फेला पार्नुभएको भए कृपया तल उल्लेखित सम्पर्क नम्बरमा जानकारी गराइदिनुहुन अनुरोध गर्दछु।

**नाम:** मो. मजीबुर रहमान
**ठेगाना:** मिर्चैया-६ जिवा रोड, सिरहा **सम्पर्क नं.:** ९७०३८४८६२२
**रजिस्ट्रेशन नं.** ७३०५५६२१९ **सिम्बोल नं.:** २०५०७६०१


